# बेलायत सरकारको खर्च कटौती र यसको प्रभाव

▪ सुन्दर खतिवडा, एफसीसीए, एमबीए
डीके एकाउन्टेन्सी



चान्सलर जर्ज ओसवर्नले यही २० अक्टोवर २०१० का दिन बेलायतकै इतिहासमा दोश्रो विश्वयुद्ध पछिको पहिलो सरकारी खर्चहरूमा ब्यापक कटौतीको प्रस्ताव हाउस अफ कमन्समा प्रस्तुत गर्नुभयो। १५ सेप्टेम्वर २००९ मा अमेरिकी इन्भेष्टमेन्ट बैंक लेहमान ब्रदरको समाप्तीसँगै सुरू भएको विश्वव्यापी मन्दी र पुँजी बजारमा आएको गिरावटले आजको दिनसम्म विश्वका ठूला भन्दा ठूला राष्ट्रदेखि साना राष्ट्रहरूसम्म पनि इकोनोमी रिकोभरिकै अवस्थामा रहेका छन्। विश्वभर फैलिएको आर्थिक मन्दीबाट बेलायत पनि अछुतो रहन सकेन। विश्वमा पुँजी बजारको राजधानीको रूपमा रहेको बेलायतले लेहमान ब्रदरको समापन, स्पेन र ग्रीसको डेब्ट क्राइसिसबाट शिक्षा लिँदै भविष्यमा बेलायतमा पनि यस्ता प्रकारको समस्याहरू आउन सक्छन् भनी आफ्नो राष्ट्रको दोश्रो विश्व युद्धपछिको सबैभन्दा ठूलो बजेट घाटालाई घटाउनको लागि वा चान्सलरको भाषामा भन्दा 'बेलायतलाई टाट उल्टिनबाट बचाउनको लागि' सरकारी खर्चहरू आगामी ४ वर्षमा ८१ विलियनले घटाउने जानकारी हाउस अफ कमन्समा संसद सदस्यहरूलाई गराउनुभयो।

२० अक्टोवरमा प्रस्तुत गरिएको खर्च पुनरावलोकन (Spending Review)-२०१० ले सर्वसाधारणलाई सोचेको भन्दा बढी मात्रामा असर पर्ने देखिएको छ। यति हुँदा हुँदै पनि सरकारले भनेको छ देशलाई आर्थिक मन्दी र आजसम्मकै सर्वाधिक ब्यय भारबाट माथि उकाल्नको लागि यी कटौतीहरू आवश्यक छन्। चान्सलर जर्ज ओसवर्नले सरकारको तर्फबाट प्रस्तुत गर्नुभएको खर्च पुनरावलोकन -२०१० का मुख्य मुख्य बुँदाहरू जसले आम जनमानसलाई असर वा फाइदा गर्दछन् लाई यहाँ प्रस्तुत गर्न कोसिस गरिएको छ।

सरकारले प्रकाशित गरेको तथ्याङ्कको आधारमा २०११ देखि २०१५ सम्म विभिन्न डिपार्टमेन्ट (मन्त्रालय)ले गर्ने खर्च र कटौती र त्यसबाट पर्न सक्ने सकारात्मक र नकारात्मक पक्षहरू निम्नानुसार छन् :

Business Innovation & Skills,

डिपार्टमेन्ट अफ बिजनेसले वार्षिक रूपमा आफ्नो कुल बजेटको ७.१ प्रतिशतले कटौती गर्नेछ। उक्त प्रतिशतको ४० प्रतिशत बचत युनिभर्सिटीलाई दिइने टिचिङ बजेट (७.१ विलियनबाट घटेर ४.२ विलियन) उक्त कटौती सरकारले विद्यार्थीको वार्षिक शुल्कमा बृद्धि गरेर पूर्ति गर्ने घोषण गरेको छ। त्यस्तै २५ प्रतिशत Further शिक्षामा, २५ प्रतिशत डिपार्टमेन्टको दक्षता र बाँकी १० प्रतिशत Business Support & Grant.

सरकारले साना व्यवसायहरूलाई प्रदान गर्दै आएका FlagshipTrain to Gain Scheme बन्द गरेको छ भने Lower key training प्रोग्राम सञ्चालन गर्ने घोषणा गरेको छ।

त्यस्तै Regional Department Agency २०१२ बाट बन्द हुँदैछ। तथापि अतिरिक्त वार्षिक २५० मिलियन ७५,००० extra apprenticeship course को लागि छुट्टाइएको छ।

HM Revenue & Customs,

HMRC ले वार्षिक रूपमा आफ्नो खर्चको १५ प्रतिशत बचत गर्नु पर्ने चान्सलर जर्ज ओसवर्नले आफ्नो खर्च पुनरावलोकनमा भनेका छन्। कार्यालय खर्चमा कटौती गरेर र पुराना बाँकी बक्यौतालाई कडाईका साथ असुली गर्ने भनिएको छ।

सरकारले PAYE को पुराना बाँकी वक्यौताहरू २०१२ भित्र असुली गरी सक्नुपर्ने सीमा समय तोकेको छ।

Welfare & Pension,

सरकारको गत हप्ताको Review ले welfare payment मा ठूलै हलचल ल्याएको छ। उक्त Review अनुसार सरकारले जुनमा प्रकाशित बजेटबाट गरेको वचतको अतिरिक्त ७ विलियन वचत गर्ने भनिएको छ। जुन वचत निम्न उपायहरूबाट हुनेछन्।

सरकारले असक्षम र अस्वस्थ भएर केही समय मात्र काम गर्ने व्यक्तिहरूलाई दिँदै आएको Employment & Support allowance लाई समय सीमासम्म मात्र दिने घोषणा गरेको छ। सरकारले काम गर्न सक्षम व्यक्तिहरू जसले बेनीफीट Claim गरिराखेका छन्। उनीहरूलाई त्यस्तो Payment एक वर्षसम्म मात्र दिने र जुनचाँही उनीहरूको National Insurance Contribution को आधारमा हुने बताएको छ।

यी माथिका Benifit ले Incapicity Benfit लाई प्रतिस्थापन (Replace) गर्दछ।

सरकारले घोषणा गरेका कटौतीमध्ये मुख्य रहेको Child-Benfit २०१३ बाट परिवारमा कुनै एक व्यक्तिले वार्षिक ४४,००० भन्दा बढी आय आर्जन गर्दछ भने उक्त परिवारले Child Benfit प्राप्त गर्दैनन् तर यदि परिवारका सबै सदस्यहरूले वार्षिक ४४,००० भन्दा कम आय आर्जन गर्दछन् भने उनीहरूले उक्त Benfit नियमित रूपमा प्राप्त गर्दछन्। यो परिवर्तन २०१३ को सुरूबाट लागु हुनेछ। यो कटौतीले सरकारले वार्षिक २.५ विलियन बचत हुने आशा राखेको छ।

यदि कुनै व्यक्तिहरूले वर्किङ ट्याक्स क्रेडिट लिई रहेको छ भने अवदेखि उनीहरूले हप्ताको न्यूनतम २४ घण्टा काम गर्नुपर्ने छ। त्यस्तै सरकारले श्रीमान श्रीमती दुवै काम गर्नेहरूको वच्चाहरू चाइल्ड केयर सेन्टरमा राख्दाको खर्चको दिदै आएको विलको ८० प्रतिशतलाई ६० प्रतिशत बनाउने घोषणा गरेको छ र जसबाट ४०० मिलियन बचत हुने आशा राखिएको छ।

सरकारले काउन्सिलको घरमा बस्ने मान्छेहरूबाट लिँदै आएको सुविधा घर भाडा दरमा परिवर्तन गरि नयाँ काउन्सिलको घरमा भाडामा बस्ने व्यक्तिले बजार दरको ८० प्रतिशत भाडा तिर्नुपर्ने बनाएको छ। यस नियमले पुराना बस्दै आएकाहरूलाई भने असर गर्ने छैन।

नेशनल हाउजिङ फेडेरेसनले भनेको छ कि उक्त परिवर्तनले न्यून आय भएको परिवारले सरदर वार्षिक ९,००० घर भाडा वापत तिर्नुपर्ने हुन सक्दछ। किनकि औसतमा तीन कोठाको काउन्सिल घरमा बस्ने पुरानाहरूले हप्ताको ८५ तिर्छन् भने स्पेण्डिङ रिभ्यूपछि उक्त घरलाई सरदर २५० प्रति हप्ता तिर्नुपर्ने हुन्छ।

सरकारले घोषणा गरेको स्पेण्डिङ रिभ्यूबाट मुख्य मारमा सरकारी कार्यालयहरूमा काम गर्ने कर्मचारीहरूमध्ये करीव ५००,००० व्यक्तिहरू पर्ने भएका छन्। सरकारले आफ्नो स्पेण्डिङ रिभ्यूमा भनेको छ आगामी चार वर्षकोबीचमा करीव करीव ५००,००० व्यक्तिहरूलाई सरकारी जागीरबाट अवकास दिइनेछ। विज्ञहरूको भनाई छ कि पहिल्यै बजारमा अत्याधिक बेरोजगार रहेको अवस्थामा सरकारको उक्त कटौतीको घोषणाले बजारलाई अझै अस्तव्यस्त बनाउने छ र आर्थिक मन्दी र बढ्दो बजेट घाटालाई बढाउन मद्दत गर्न सक्दछ।

सरकारले आगामी दिनमा नेशनल इन्सुरेन्स कार्ड पनि इश्यु नगर्ने भएको छ।

सरकारले पेन्सन (रिटायरमेन्ट) को वर्ष दुवै आइमाई तथा लोग्ने मान्छेको २०१८ सम्ममा ६६ र २०३८ सम्म ६८ पुऱ्याउने निर्णय गरेको छ र जसबाट वार्षिक ५ विलियन बचत हुने अनुमान छ।

तर सरकारले गत वर्ष बढाएको कोल्ड वेदर पेमेन्टलाई स्थायी गरेको छ भने अन्य Free eye test, Precription charges, Bus passes &TV Licence Over 70's मा कुनै परिवर्तन गरेको छैन। टिभीलाइसेन्स फि आगामी ६ वर्षसम्मको लागि बृद्धि नहुने भएको छ।

**स्वास्थ्य :**

सरकारले NHS in England लाई दिँदै आएको बजेटमा कुनै कटौती गरेको छैन र NHS को बजेट मुद्रा स्फितिलाई कन्सिडर गरेपछि ०.१ प्रतिशतले बृद्धि भएको छ।

यूनियनहरूको भनाई रहेको छ उक्त बृद्धि पर्याप्त छैन र यसले हजारौंको संख्यामा ल्ज्क का कर्मचारीले जागीर गुमाउने छन्।

**स्कूल :**

सरकारले स्कूललाई दिँदै आएको बजेटमा कुनै कटौती गरेको छैन। उक्त बजेट ०.१ प्रतिशतले बृद्धि गरी वार्षिक ३५ विलियनबाट बढाएर ३९ विलियन बनाएको छ भने स्कूल विल्डिङ निर्माणमा दिँदै आएको बजेट ७० प्रतिशतले कटौती गरेको छ।

**इमरजेन्सी सेवा :**

सरकार प्रहरी प्रशासनलाई बजेट २० प्रतिशतले २०१४-१५ सम्ममा कटौती गर्ने घोषणा गरेको छ। Home Seertary ले भनेकी छिन् उक्त कटौती मुख्य रूपमा डिपार्टमेन्टको दैनिक काम काजमा दक्षता बढाएर पूर्ति गरिने छ तर विपक्षी दल तथा सर्वसाधारण प्रत्यक्ष रूपमा प्रहरीको संख्यामा कटौती गरी उक्त कटौती पूर्ति गरिने सम्भावना देखिन्छ। त्यस्तैगरी सरकारले आगामी ४ वर्षमा फायर सर्भिसको बजेटमा १३ प्रतिशतले कटौती गर्ने जानकारी गराएको छ।

**बैंक लेभी :**

चान्सलर जर्ज ओसवर्नले आफ्नो स्पेण्डिङ रिभ्यूमा बैंकहरूलाई उनीहरूको वासालतको आधारमा १ जनवरी २०११ बाट लेभी लगाउने घोषणा गर्नुभएको छ र विस्तृत विवरण वर्षको अन्त्यतिर प्रकाशित गरिने पनि जानकारी गराउनुभयो र उक्त लेभी आइएमएफले जी-२०को बैठकमा प्रस्तुत गरेको विवरण अनुसार रहेको जानकारी गराउनुभयो।

माथि उल्लेख गरिएका लगायत स्पेण्डिङ रिभ्यूमा चान्सलरद्वारा प्रस्तुत गरिएको डिपार्टमेन्ट कटौतीहरू केही अपवादलाई छोडेर धेरैले आशा गरेको लाइनमा नै देखिन्छ।

देशको अर्थतन्त्र धेरै नै नाजुक अवस्थामा पुगिसकेको देखिन्छ। बजेट घाटा १६० विलियन भन्दा बढी छ। सरकारी ऋणको प्रत्येक दिनको ब्याज १२० मिलियन भन्दा बढी रहेको छ। २००४ मा ११,००० रहेको ज्यगकभजयमि म्भदत बढेर २२,००० पुगेको छ।

आर्थिक मन्दी भन्दा अगाडि ०.१ प्रतिशत रहेको पब्लिक शेयरिङ आर्थिक मन्दी पछि घटेर ० प्रतिशत भन्दा तल पुगेको छ।

सरकारले स्पेण्डिङ रिभ्यू भन्दा अगाडि वार्षिक रूपमा वेलफेयर पेमेन्ट १९४ विलियन गर्दै आएको थियो भने सरकारले इनकम ट्याक्स र कर्पोरेट ट्याक्सबाट वार्षिक रूपमा १९३ विलियन मात्र उठाएको थियो।

देशले बजेट घाटालाई पूर्ति गर्न, देशलाई आर्थिक मन्दीबाट माथि उकाल्न, देशमा रोजगारीका अवसरहरूको बृद्धि गर्न, व्यवसायहरूको बृद्धि गर्न र भविष्यमा देशलाई विगतको दक्षिण अमेरिकी राष्ट्र अर्जेन्टिना र केही समय अगाडिको ग्रिस हुनबाट बचाउन कटौतीको आवश्यकता थियो तर कटौतीको नाममा मध्यम वर्गका जनतालाई बढी मारमा पर्ने गरी गरिएको कटौतीले सरकारले चाहेको प्रतिशतमा प्रगति हासिल नगर्न सक्ने सम्भावना पनि त्यतिकै टड्कारो देखिन्छ।

भर्खरै मात्र अर्थशास्त्रमा नोवेल पुरस्कार प्राप्त गर्ने बेलायती अर्थशास्त्रीले भनेका छन् - 'कटौती आवश्यक थियो तर हतार गरेको देखिन्छ।'

Bhattarai & Co
Immigration Practice
OISC
Tel: 02088546695 Mobile: 07533005078
आजको आजै भिसा
We offer the following categories for the same day service :
1. Indefinite Leave to Remain (ILR)
(वर्क पर्मिट, हाइली स्किल्ड वा विवाह गरेको आधारमा)
2. TIER 1 (Highly skilled) Initial or Extension Application
3. TIER 1 (PSW-Post Study Work)
Additional Services (थप सेवाहरू)
4. TIER 2 (Work Permit) / Sponsor License Application
5. TIER 4 (Student Extension)
6. Dependant Visa Applications / Appeals
7. Naturalisation / British Passport
8. Asylum / Refugee Cases
9. Any types of visa application in Nepal (New Delhi) e.g. Visitor Visas, Family Settlement Visa
10. APPEALS (Overseas or in-country)
www.bhattarai.co.uk Deepak Bhattarai, LLB(Lond.)
3rd Floor, suit :315 1 8-36 Wellington Street, Woolwich, London SE18 6PF

## टप टीको सदभावना राजदूतमा खगेन्द्र थापा मगर

*जया राई*




विश्वकै सबैभन्दा होचो व्यक्तिको रूपमा गिनिज बुकमा नाम लेखाउन सफल खगेन्द्र थापा मगरलाई लण्डन र काठमाडौंलाई आधार बनाइ काम गरिरहेको सस्था एंग्लो हिमालयन ट्रेडिङ कम्पनीको ब्रान्ड 'टप टि'ले आफ्नो सद्भावना राजदूतको रूपमा नियुक्ति गरेको कुरा उक्त कम्पनीका अध्यक्ष होम परिबागले बताउनु भएको छ। संझौतामा हस्ताक्षर हुँदा खगेन्द्र थापा मगर फाउन्डेसनका अध्यक्ष मिन बहादुर थापा, उपाध्यक्ष रामबहादुर केसी, कोषाध्यक्ष दामोदर बास्तोला लगायत आमा, बाबु र आफन्तहरू उपस्थित थिए।

उक्त अवसरमा खगेन्द्र थापा मगर फाउन्डेसनका पदाधिकारी र बेलायतबाट पुग्नु भएका टप टी अध्यक्ष होम परिबाग र नेपालका प्रतिनिधि जीवन आचार्यको पनि उपस्थिति रहेको थियो।

उक्त संझौताले खगेन्द्रको व्यक्तिगत जीवनमा निकै महत्व राख्ने भएकोले बुबा रूपबहादुर र आमा धनमाया पनि प्रफुल्ल मुद्रामा थिए। टप टी व्यबस्थापनले विश्वकै होचा व्यक्तिलाई आफ्नो कम्पनीको सद्भावना राजदूत बनाउन पाउँदा विश्व बजारमा नेपाली चियाको महत्व अझ व्यापक भएर जाने अपेक्षा राखेको बताएको छ। गत ११ अक्टुबरमा खगेन्द्रको नाम गीनिज बुकमा औपचारिक रूपमा रेकर्ड भए को थियो।

## रङ्ग/विरङ्ग

### २४ घण्टामा दुई जनासँग विवाह

२३ वर्षका अजहर हैदरीले २४ घण्टामा दुईवोटा विवाह गर्ने योजना बनाएका छन्। एउटा विवाह उनी घरवालाहरूले खोजिदिएको केटीसँग गर्दै छन् भने अर्को आफ्नो प्रेमिकासँग। उनको मनको सपना त आफ्नै प्रेमिकासँग मात्र विवाह गर्ने थियो तर घरवालाहरूले उनी सानो छँदैमा विवाह छिनिसकेका थिए। त्यसैले समस्याको समाधान उनले निकाले- दुईवोटा विवाह।

पाकिस्तानमा यस कुरामा कुनै समस्या छैन। इश्लाममा ४ वोटा विवाहसम्मको इजाजत छ। तर पनि प्राय गरेर दोश्रो विवाह गर्दा पहिलो पत्नीको इजाजत लिने पनि गरिन्छ। नभन्दै उनले आफ्नो योजना अनुसार दुभैरा कासिमसँग अघिल्लो दिन विवाह गरे र दोश्रो दिन रूमाना असलमको साथ। उनका अनुसार दुबै केटीहरू विवाहको लागि मञ्जुर छन्। दुवै केटीहरूले अजहरको योजना मन पराए र आफूहरू साथी तथा दिदीबहिनीको रूपमा रहने पनि बताए। पाकिस्तानमा यो विवाह समाचारको प्रमुख आकर्षण बन्यो। अजहरले आफूलाई भाग्यमानी पनि बताए। २१ औं शताव्दीमा आइपुग्दा पनि दुई जना केटीले हाँसीखुसी एउटै केटासँग विवाह गर्नु अनौठो नै मान्नु पर्छ।

### विना केटा विवाह धुमधामसँग सम्पन्न



छोरीको लागि योग्य वर खोज्ने काममा बाबुआमालाई निकै धेरै वर्ष लाग्न सक्छ। आफै विवाहको लागि केटा खोज्ने संस्कार बसिसकेको मुलुकहरूमा पनि कतिपय केटीले केटा पाउन धेरै नै समय र शक्ति खर्च गर्नुपर्ने हुन सक्छ। तर ताइवानकी एक केटीले भने यो समस्याबाट पार पाउन एक अनौठो बाटो खोजी गरेकी छिन्। चेन वी नाम गरेकी ती युवतीले विवाहको लागि कुनै केटो पाउन सकिनन्। अनि उनले आफूले आफैसँग विवाह गरिन्। चेनले दुलहीको पोशाकमा आफूलाई सजाइन्, आफ्नो विवाहको फोटो पनि खिचाइन् र एक व्याङकेट हलमा ३० जना साथीहरूलाई बोलाएर पार्टी पनि दिइन्। उनले दिएको सो विवाह पार्टीमा दुलाह बाहेक सबै कुरा थियो। ३० वर्षीया रोजगार यी युवतीमा विवाहको लागि सामाजिक दवाव थियो, तर उनले भने जस्तो केटो पाउन सकेकी थिइनन्। त्यसैले उनले आफूलाई एक्लै विवाह गर्नु नै सही लागेको भन्दै यो विवाहको रंगमञ्च प्रदर्शन गरिन्।

चेनले विवाहको लागि आफ्नो उमेर ढलिरहेको बताइन्। आफ्नो नोकरी पनि राम्रो नै भएको तर पनि कोही पार्टनर नपाएको पनि उनले गुनासो गरिन्। त्यसैले यो एक्लो विवाह गरेको पनि उनले दावी गरिन्। आफू विवाहको विरोधी नभएको तर समाजमा विवाहको सामाजिक दवाव भोगिरहेका आफूजस्तैलाई उदाहरण बनेको पनि उनको भनाई थियो। सुरूमा उनको आमाले यो विवाहलाई मञ्जुरी नदिए पनि पछि मानेकी थिइन्। अझ अचम्मको कुरा के छ भने चेन हनिमून विताउन अस्ट्रेलिया जाँदै छिन्। यस विवाहमा उनले करीव ५ हजार डलर खर्च गरेकी छिन्।

### कस्तो इमान्दार चोर !

स्वीडेनमा एक चोरले एक जना प्रोफेशरको ल्यापटप चोऱ्यो। केही दिन पछि उसले ल्यापटपमा भएको सारा सामाग्री पेन ड्राइभमा डाउनलोड गरी प्रोफेशरलाई पठाइदियो। यो घटनापछि प्रोफेशर साहेवले चोरको गुणगान गाए किनकि उनले विगत दस वर्षमा तयार गरेका विभिन्न दस्तावेजहरू फिर्ता पाए।

उमिया यूनिभर्सिटीका एक प्रोफेशर ल्यापटपसहितको व्याग कोठामा छोडेर लण्ड्रीतर्फ गए। कोठाको ढोका बन्द गर्न भुलेकोले उनको ल्यापटप चोरले उछिट्याई हालेछ। ल्यापटप चोरी भएपछि प्रोफेशर सारै हैरानीमा परे। दस सालसम्म मेहनत गरेका हरेक कुरा उनको सकिएको थियो। हरेक अनुसन्धानका कामहरू त्यसैमा थियो। उनलाई आफ्नो १० वर्षको संकलित सामाग्री फिर्ता पाउने कुनै आशा थिएन। तर चोरले इमान्दारिता देखाउँदै एक हप्तापछाडि पेन ड्राइभमा उनका सामाग्रीहरू डाउनलोड गरी उनलाई पठाइदियो। यसरी आफ्नो सामाग्री फिर्ता पाएपछि प्रोफेशरले अत्यन्त खुसी भएर चोरलाई धन्यवाद दिए। प्रोफेशरको नाम गोप्य राखिएको छ भने धन्यवाद पाउने चोर पनि पत्ता लागेको छैन।

### कंगफूमा हराएमा मात्र डेटिङमा जाने



चीनको फूशान प्रान्तको दुई जना मार्शल आर्टका दक्ष दुई दिदीबहिनीले जुन केटाले उनीहरूलाई कंगफूमा हराउन सक्छन् ऊसँगै डेटिङमा जाने सर्त राखेका छन्।

२२ वर्षकी जियाओ लिन र २१ वर्षकी जिआयो यिन यी दुई बहिनीले यसका लागि फूशानमा ३ दिनको फेस्टिभल पनि राखेका छन्। फेस्टिभलमा भाग लिने केटाले पहिला तीर हान्नेमा भाग लिनुपर्नेछ। यसपछि बाँसमा गह्रुङ्गो बस्तु बोकेर हिँड्नुपर्ने छ। यी दुई खुड्कीला पार गरेपछि दिदीबहिनी मध्ये कुनै एकलाई हराउन सके डेटिङमा जान पाउने छन्। जित्नेले उनीहरूले लगाएको मास्क हटाएर प्रेम प्रस्ताव राख्न सक्नेछन्।

ती दुवै बहिनीहरूले मास्क लगाएकोले प्रतियोगितामा भाग लिनेहरू त्यति सन्तुष्ट हुन सकेका छैनन्। उनीहरू आफूले जसको लागि जोखिम उठाएका छन्, उनीहरू जोखिम उठाउन लायक छन् कि छैनन् पहिला जान्न चाहन्छन्। तर केटीहरूले त्यो सर्त स्वीकार गरेका छैनन्। यी दिदीबहिनीहरूले आफूले पहिला गएको डेटिङमा आफूयोग्य केटा नपाएकोले यो प्राचिन समयको केटा खोज्ने चलन अपनाएको पनि जिकिर गरेका छन्।

## अक्सफोर्डमा दसैं तिहार कार्यक्रम सम्पन्न



*टिका पौडेल*

अक्सफोर्ड, १५ अक्टोबर/अक्सफोर्डसायर क्षेत्रमा बस्ने नेपालीहरूको संस्था 'नेपलिज कम्युनिटि अक्सफोर्डसायर' (एन.सी.ओ)ले एक विशेष भव्य कार्यक्रम आयोजना गरी दसैं र तिहार मनाएको छ। कार्यक्रमका प्रमुख अतिथि अक्सफोर्डका लर्ड मेयर काउन्सिलर जोन गोडार्डले पानसमा बत्ती बालेर कार्यक्रमको औपचारिक सुरूवात गर्नुभएको थियो। अक्सफोर्ड हर्सपाथ रोडको रोभर स्पोर्टस तथा सामाजिक क्लवमा भएको उक्त कार्यक्रममा अक्सफोर्ड र वरपर क्षेत्रका नेपालीहरूको बाक्लो उपस्थिति रहेको थियो।

कार्यक्रमलाई रमाइलो बनाउँदै भाइबहिनीहरू एलिसा थापा, मनिषा थापा, झरना गुरूङ, स्मेना लिम्बू, इङ्गमा लिम्बू, मिलन लिम्बू, सुजन गुरूङ, बिनोद लिम्बू, शिशिर थापा, नवल गुरूङ र आकाश राईले विभिन्न नेपाली परम्परागत तथा समकालिन नृत्यका साथै आधुनिक रक तथा पप संगीत पनि प्रस्तुत गर्नुभएको थियो। कार्यक्रमको सञ्चालन गीता राई तथा अरूण पौडेलले गर्नुभएको थियो। कार्यक्रममा बोल्दै एन.सी.ओ. यूकेका अध्यक्ष चित्र थापाले अक्सफोर्ड र पुरै बेलायतमा बस्ने सबै नेपालीहरूबीच अटुट एकता कायम रहने विश्वास व्यक्त गर्नुभएको थियो। त्यसैगरी प्रमुख अतिथिले कार्यक्रमको प्रशंसा र एन.सी.ओ.यूकेका गतिविधिको सराहना गर्दै आउँदा दिनहरू संस्थाको लागि आफ्नो भरपुर सहयोग दिने विश्वास दिलाउनुभएको थियो।

कार्यक्रममा उपस्थित सबैले स्वादिष्ट नेपाली खानाको स्वाद लिँदै गीत र नाचमा भरपुर मनोरञ्जन लिनुभएको थियो। अक्सफोर्ड र आसपासका क्षेत्रबाट कार्यक्रममा उपस्थित हुन आउने महानुभावहरूलाई सन्तोष राई र अमर थापाले यातायातको पनि व्यवस्था मिलाउनु भएको थियो।